# इन्सेक बुलेटिन

वर्ष १ अङ्क ३ कात्तिक २०७८




## मानव अधिकार अवस्थाको मासिक विश्लेषण

नेपालको पहिलो मानव अधिकार समाचार पोर्टल inseconline.org मा प्रकाशित समाचार अनुसार ०७८ असोज महिनामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट ५४ जना महिला र २० जना पुरुष गरी ७४ जना पीडित भए। प्रकाशित समाचार अनुसार बागमती र लुम्बिनी प्रदेशमा १६/१६, प्रदेश २ मा १४, प्रदेश १ मा ११, कर्णाली र सुदूरपश्चिम प्रदेशमा ६/६ र गण्डकी प्रदेशमा पाँच जना पीडित भए।


असोज महिनामा प्रहरीको गोली लागी चार जनाको मृत्यु भएको छ। यो अवधिमा पत्नी हत्याका तीन, परिवारजनबाट हत्याका दुई, बलात्कारपछि हत्याको एक र अन्य घटनामा चार गरी १४ जनाको हत्या भएका समाचार प्रकाशन गरिएको छ। त्यसैगरी यो अवधिमा दुई जनाको मृत्यु कारागारमा भएको छ भने एक जनाको मृत्यु हिरासतमा भएको समाचार प्रकाशन गरिएको छ।

असोज महिनामा अपहरणका घटनामा दुई जना, कुटपिटका घटनामा सात जना, घाइते दुई जना, दुर्व्यवहारका घटनामा चार जना पीडित भएका समाचार प्रकाशन गरिएको छ। त्यसैगरी असोज महिनामा बाल अधिकार

### यसभित्र ...


- इन्सेकको २४ औं साधारण सभा सम्पन्न ३
- महामारी र विपत्को समयमा नागरिक भूमिका, अवसर र चुनौती विषयक कार्यशाला गोठी सम्पन्न ४
- गैर सरकारी संस्थाहरूलाई एकद्वार प्रणालीबाट नियमन गर्नुपर्नेमा सरोकारवालाहरूको जोड ५
- डिजिटल राईट्स सेक्युरिटीसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न ६
- महिलाविरुद्ध हुने हिंसा न्युनिकरणका लागि तालिम सम्पन्न ६
- मानव अधिकार तथा मानवीय अवस्था विषयक अन्तरक्रिया कार्यक्रम ७
- इन्सेकद्वारा सञ्चालित परियोजनाको अनुगमन ८
- प्रदेश कार्यालयद्वारा इएलपी कार्यक्रमको अनुगमन ९
- मानव अधिकार रक्षकहरूको संरक्षण र संवर्धनका लागि राज्य संवेदनशील हुनुपर्नेमा जोड ९
- हिरासत कक्षको अनुगमन १०
- लुम्बिनी प्रदेशको मानव अधिकार अवस्था विषयक अन्तरक्रिया ११
- राउटे समुदायमा समयमा सामाजिक सुरक्षा भत्ता दिनुपर्ने अधिकारकर्मीको माग १२
- खाद्य अधिकार सम्बन्धी अन्तरक्रिया सम्पन्न १२
- राउटे समुदायको सुरक्षा अवस्थाका विषयमा प्रदेश प्रहरी प्रमुखसँग छलफल १३
- प्रदेश शहिद पार्क स्थापना गर्न ध्यानाकर्षण १३
- मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षणसम्बन्धी अन्तरक्रिया कार्यक्रम १४
- कोभिड-१९ ले मानव अधिकार रक्षकलाई पारेको प्रभावसम्बन्धी अन्तरक्रिया सम्पनन १५
- प्रदेश सभा सदस्यहरूसँग कार्यशाला गोष्ठी सम्पन्न १५
- कार्यक्रम अनुगमन सम्पन्न १६

## प्रदेशगत आधारमा भदौ महिनामा पीडित भएकाहरूको सङ्ख्या




उल्लङ्घनका घटनामा २६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १६ जना पीडित भएका समाचार प्रकाशन गरिएको छ।

अ‍सोजमा प्रकाशित समाचारमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा परी २६ जना बालिका पीडित भए। अभिलेखित घटनाहरूमध्ये बलात्कारका घटनामा १९ जना, यौन दुर्व्यवहारका घटनामा ६ जना, बेचबिखन प्रयासको घटनामा एक जना र विद्यालयमा शारीरिक दण्ड सजायको घटनामा एक जना पीडित भए।

महिला अधिकार उल्लङ्घनका घटनामा १६ जना पीडित भए। जसमा बलात्कारका घटनामा ६ जना, बलात्कार प्रयासका घटनामा ६ जना, यौन दुर्व्यवहारको घटनामा एक जना, बेचबिखन, बेचबिखन प्रयास र घरेलु हिंसाका घटनामा एक/एक जना महिला पीडित भए।

असोज महिनामा मात्रै पीसीआर विधिबाट २ लाख ४३ हजार ५ सय ६८ ओटा स्वाब परीक्षण गरिएकोमा २१ हजार ९ सय ६२ जनामा कोभिड पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको तथ्याङ्कलाई आधार मानी विश्लेषण गर्दा असोज महिनामा परीक्षण गरिएका स्वाबमध्ये नौ प्रतिशतमा कोभिड सङ्क्रमण पुष्टि भएको छ। असोज १ गते निको दर ९५.३ प्रतिशत थियो भने असोज ३१ गते ९७.०७ प्रतिशत निको दर छ। असोज महिनामा २ सय ७२ जना कोभिड सङ्क्रमितको मृत्यु भएको छ। असोज ३१ गतेसम्म ११ हजार २ सय ८४ जनाको मृत्यु भएको मन्त्रालयद्वारा जारी तथ्याङ्कमा उल्लेख छ । असोज महिनामा ९ लाख ६१ हजार ७ सय ७९ जनालाई पूर्ण खोप प्रदान गरेको मन्त्रालयले जनाएको छ । असोज ३१ गतेसम्म ६४ लाख ६९ हजार १ सय ५९ जनालाई पूर्ण खोप दिइएको छ । कोभिड-१९ सम्बन्धी दैनिक अपडेट तथा साप्ताहिक विश्लेषण इन्सेक अनलाइनमा उपलब्ध छ ।

**बाल अधिकार उल्लङ्घन घटनाका पीडित सङ्ख्या**

| | |
|---|---|
| बेचबिखन प्रयास | १ |
| बलात्कार | १९ |
| यौन दुर्व्यवहार | ६ |
| जम्मा | २६ |

**महिला अधिकार उल्लङ्घन घटनाका पीडित सङ्ख्या**
(इन्सेक अनलाइनमा छापिएको समाचारको आधारमा)

| | |
|---|---|
| बलात्कार | ६ |
| घरेलु हिंसा | १ |
| यौन दुर्व्यवहार | १ |
| बलात्कार प्रयास | ६ |
| बेचबिखन तथा ओसारपसार | १ |
| बेचबिखन तथा ओसारपसार प्रयास | १ |
| जम्मा | १६ |

# इन्सेकको २४ औं साधारण सभा सम्पन्न




अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को २४ औं साधारणसभा असोज २२ गते काठमाडौँमा सम्पन्न भयो।

साधारण सभामा स्वागत गर्दै इन्सेककी अध्यक्ष डा. इन्दिरा श्रेष्ठले कोभिड महामारीका बेलामा थप सचेत भएर मानव अधिकारको संरक्षण र संवर्धनमा काम गर्नुपर्ने बताउनु भयो।

उहाँले मानव अधिकारको रक्षा र विकास तथा पीडितको सहायताका लागि इन्सेकले आफ्ना सदस्य तथा कर्मचारीलाई तयारी अवस्थामा राखेको बताउनु भयो।

इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलले बदलिँदो परिवेशमा मानव अधिकारका सवाललाई मसिनो गरी केलाएर रणनीति तय गर्नुपर्नेमा जोड दिनु भयो।

इन्सेकका निवर्तमान अध्यक्ष सुबोधराज प्याकुरेलले कोभिड महामारीका कारण वैदेशिक रोजगारीमा परेको प्रभावलाई मध्यनजर गर्दै सरकारले आवश्यक सहजीकरण गर्नुपर्ने बताउँदै त्यसका लागि नागरिक दबाबको आवश्यकतामा जोड दिनु भयो।

साधारण सभाले इन्सेकका महासचिव रुद्रबहादुर चर्मकारले पेश गर्नुभएको वार्षिक प्रगति प्रतिवेदन सर्वसम्मतिले पास गरेको थियो।

त्यसैगरी कोषाध्यक्ष गीता बरालले पेश गर्नु भएको आर्थिक प्रतिवेदन पनि सर्वसम्मतिले पास गरेको अध्यक्ष डा. इन्दिरा श्रेष्ठले बताउनुभयो।

साधारण सभाले राष्ट्रिय, अन्तर्राष्ट्रिय घटनाक्रमलाई समेट्दै सात बुँदे प्रस्ताव पारित गरेको छ। प्रस्तावमा शान्ति प्रक्रिया निष्कर्षमा पुऱ्याउन, नागरिक सम्वादमा जोड दिन, कोभिड महामारीमा चुस्तदुरुस्त कार्य गर्न, उपभोक्ता अधिकारको सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराइएको छ ।

त्यसैगरी म्यानमार र अफगानिस्तानको पछिल्लो राजनीतिक घटनाक्रममा मानव अधिकारको संरक्षणका लागि अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराइएको छ।



# महामारी र विपत्‌को समयमा नागरिक समाजको भूमिका, अवसर र चुनौती विषयक कार्यशाला गोष्ठी सम्पन्न




अनौपचारिक सेवा केन्द्र (इन्सेक) को आयोजनामा महामारी र विपदको समयमा नागरिकको भूमिकासम्बन्धी कार्यशाला गोष्ठी असोज ८ गते काठमाडौंमा सम्पन्न भयो।

कार्यक्रममा इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले महामारी र विपत्‌को समयमा नागरिक समाज तथा आम मानिसले भोग्नुपरेको चुनौतीविरुद्ध आगामी दिनमा कसरी प्रभावकारी रूपमा काम गर्न सकिन्छ भन्ने सन्दर्भमा छलफल गर्न गोष्ठी आयोजना गरिएको बताउनु भयो।

कार्यक्रममा इन्सेककी अध्यक्ष डा. इन्दिरा श्रेष्ठले कोरोना महामारीको समयमा नागरिक समाज आफैं अप्ठ्यारो अवस्थामा हुँदाहुदै पनि आफ्नो ठाउँबाट नागरिकको सेवामा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताउनु भयो।

उहाँले महामारीको समयमा मिलेर काम गर्न नागरिक समाजले बलियो सञ्जाल बनाउनुपर्ने बताउनुभयो। महामारीको समयमा राज्यले नागरिक समाजलाई बेवास्ता गरेता पनि जनताको माझ नागरिक समाजले विश्वास आर्जन गरेकाले सरकारका कामकारबाहीमा आफूहरूले अनुगमनकारी भूमिका निर्वाह गर्नुपर्ने कुरामा उहाँको जोड थियो।

उहाँले यस्ता किसिमका अन्तरक्रिया कार्यक्रममार्फत आएका सुझाव र निश्कर्षहरूलाई समेटेर जिम्मेवार निकायहरूसँग बसेर छलफल गर्ने उल्लेख गर्नुभयो।

अधिवक्ता टङ्क अर्यालले 'विपत् र महामारीमा नागरिक संस्थाहरूको भूमिका र प्रभावकारिता' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

अन्य विपत्‌को बेलामा नागरिक समाजले अप्ठ्यारोमा परेका नागरिकलाई सहयोग गरेता पनि कोभिड महामारीमा नागरिक समाज आफैं समस्यामा परेको बताउँदै अर्यालले आवतजावत र भेला गर्ने सम्बन्धमा सरकारले लगाएको निषेधाज्ञाका कारण सङ्घसंस्थाले चाहे अनुसार काम गर्न नपाएको बताउनुभयो।

गैरसरकारी संस्थाको छाता सङ्गठन र मनाव अधिकार आयोगले पर्याप्त रूपमा सरकारको ध्यानाकर्षण गर्न नसकेका कारण राहत र खोपलग( ायतमा नागरिक समाज र मानव अधिकार रक्षकहरू सरकारको प्राथमि( कता नपरेको उहाँको भनाइ थियो।

विश्वव्यापी महामारीका समयमा दाताले हात झिकिदिँदा नागरिक सङ्घसंस्था सङ्टमा परेको बताउँदै उहाँले निजी सङ्घसंस्थाले सामाजिक सङ्संस्था मार्फत खर्च गर्न सकिने कुरा औंल्याउँदै उहाँले त्यसका लागि निजी क्षेत्र र नागरिक समाजबिचको सहकार्यको भूमिका महत्त्वपूर्ण हुने कुरा उल्लेख गर्नुभयो।

'सामाजिक तथा राजनीतिक सन्दर्भमा नागरिक अधिकार रक्षामा नागरिक संस्थाहरूको भूमिका र महत्त्व' विषयमा कार्यपत्र प्रस्तुत गर्दै उत्तम उप्रेतीले महामारीको समयमा घरेलु हिंसा, वैदेशिक रोजगारीमा गएका कामदारको अधिकार हनन्, क्वारेण्टाइनभित्र भएका यौन दुर्व्यवहार, समुदाय र जातिप्रतिको घृणालगायतका कुरा बढी देखिएको बताउनु भयो।

उहाँले विपद्‌को समयमा नागरिक समाजले मानव अधिकारमैत्री कानुन बनाउन र नागरिक अधिकारको ठाउँ सुरक्षित गर्न राम्रो भूमिका खेलेको उल्लेख गर्नुभयो।

राज्यले आपतकालीन अवस्था घोषणा गर्ने बेलामा नागरिकको स्वतान्त्रतापूर्वक बाँच्न पाउने अधिकार उल्लङ्घन हुने भएकाले त्यस्तो अवस्थामा नागरिक समाजले जनताको मौलिक अधिकारको रक्षा गर्न लागि राज्यलाई खबरदारी गर्नुपर्नेमा उहाँको जोड थियो।

अधिवक्ता सुशीला चौधरीले महामारीको समयमा नागरिक समाजको पहिचान खुम्चिएकाले अधिकारका साझा विषयमा नागरिक समाज एकजुट भएर अगाडि बढ्नुपर्ने बताउनुभयो।

त्यसैगरी जुरी नेपालकी प्रतिनिधि बालमाया विश्वकर्माले विपद्‌को समयमा कानुन बनाउने बेलामा सहभागिता नीति मार्फत कानुन बनाउनुपर्नेमा राज्यले नागरिक समाजलाई बेवास्ता गरेको उल्लेख गर्नुभयो।

ब्लु डायमण्ड सोसाइटीका सञ्जय शर्माले नेपालमा कोरोना महामारीको बेला २३ जना लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूले आत्महत्या गरेको बताउँदै राहत लिन जाँदा आफूहरूलाई राज्यका निकायबाट लैङ्गिक पहिचानका आधारमा विभेद गरिएको गुनासो गर्नुभयो।

गैरसरकारी संस्था महासङ्घ काठमाडौंका अध्यक्ष प्रदिप डङ्गोलले खोप लगाउने बेलामा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीका आफन्त तथा नेताहरूको पहुँच भएका राजनीतिक दलका कार्यकर्ताले छिटो पालो पाउने र सर्वसाधारणले महिनौं कुर्नुपर्ने अवस्था भएकाले नागरिक समाजले राज्यलाई खबरदारी गर्नुपर्ने बताउनु भयो।

# गैर सरकारी संस्थाहरूलाई एकद्वार प्रणालीबाट नियमन गर्नुपर्नेमा सरोकारवालाहरूको जोड




गैरसरकारी संस्थामा क्रियाशील विभिन्न संस्थाका प्रतिनिधिहरूले राज्यले गैरसरकारी संस्थालाई नियमन गर्ने प्रक्रियामा एकद्वार प्रणाली लागु गर्नुपर्नेमा जोड दिएका छन्।

अनौपचारिक सेवा केन्द्र (इन्सेक) ले ०७८ असोज ७ गते काठमाडौंमा योजना गरेको नागरिक समाजसँग सम्बन्धित विद्यमान कानुन र नीतिहरूको वर्तमान अवस्था र चुनौतीहरू विषयक कार्यक्रममा बोल्दै सरोकारवालाले उक्त कुरामा जोड दिएका हुन्।

कार्यक्रमका अध्यक्षता गर्नु भएकी इन्सेककी अध्यक्ष डाक्टर इन्दिरा श्रेष्ठले सरकार र नागरिक समाज एक अर्काको पर्याय रहेकाले सहयोगी हातका रूपमा कम गर्नुपर्ने बताउनुभयो।

नीति निर्माण तहमा रहेका समस्या र चुनौतीहरूबाट मुक्त हुन राज्यका विभिन्न तहका संरचना, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र समाज कल्याण परिषदसँग गैरसरकारी संस्थाहरूले समन्वय र सहकार्य गर्नुपर्ने उहाँको भनाइ थियो।

अन्तरक्रिया कार्यक्रममार्फत आएका सुझाब र निष्कर्षहरूलाई समेटेर जिम्मेवार निकायहरूसँग बसेर छलफल गर्ने डाक्टर श्रेष्ठले बताउनु भयो।

इन्सेक कार्यसमिति सदस्य शोभाकर बुढाथोकीले राज्यले सङ्घ संस्थालाई नियमनको सट्टा नियन्त्रण गरेको हुनाले वर्तमान समस्या निम्तिएको बताउनुभयो। उहाँले केही संस्था बैचारिक रुपमा राजनीतिक दलको भातृ सङ्गठनको रुपमा काम गरिदिँदा समग्र गैर सरकारी क्षेत्र बदनाम भएको जनाउनु भयो।

कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले लामो समयदेखि नागरिक समाजले भोगेका चुनौती र समस्यालाई कसरी समाधान गर्ने भन्ने विषयमा सामुहिक छलफल गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो।

कार्यक्रममा इन्सेकका तर्फबाट श्रीराम ढकालले नेपालको समकालीन कानून, नीति र नेपाली नागरिक समाज विषयमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

नागरिक सङ्घ संस्था बलियो भएन भने राज्य निरङ्कुश बन्ने बताउँदै उहाँले नेपालको संविधानले सङ्घ संस्था खोल्न पाउने र कानुनले तोकेबमोजिम क्रियाकलाप गर्न पाउने अधिकार मौलिक हकमा राखे पनि राज्यका निकायहरूले व्यवहारमा त्यो कुरा लागु नगरेको बताउनु भयो।

एटवीनकी उपाध्यक्ष सीता पौडेलले नागरिक समाज राज्यको सहयोगी भूमिकामा रहेता पनि राज्यले आफूहरूलाई दुस्मनी व्यवहार गरेको बताउनुभयो।

चाइल्ड नेपालका अध्यक्ष कृष्ण सुवेदीले गैरसरकारी संस्थाको पैसा लिएर उसकै कार्यक्रमको अनुगमन गर्ने कुरा राज्यको बदमासी भएको जनाउनु भयो। उहाँले पेरिस सिद्धान्तको आधारमा समाज कल्याण परिषदले संस्थाहरू अनुगमन गर्नुपर्ने माग गर्नुभयो।

कार्यक्रममा महिला अपाङ्ग महासंघकी उपाध्यक्ष निर्मला धितालले सबै प्रक्रिया पूरा गरेर जिल्ला प्रशासन कार्यालय र समाज कल्याण परिषद्मा संस्था दर्ता र नवीकरण गर्न जाँदा पनि कर्मचारीले फाइल अड्काएर दुःख दिने गरेको बताउनुभयो।

उहाँले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले स्वदेशी गैरसरकारी संस्थालाई सहयोगीको रूपमा लिने तर काम आफै गर्ने हुँदा स्थानीय गैरसरकारी संस्थाको वृत्ति विकासमा असर परेको उल्लेख गर्नुभयो।

गैसस महासङ्घ काठमाडौं जिल्ला शाखाका अध्यक्ष प्रदीप डङ्गोलले गैरसरकारी संस्थामा कम गर्ने व्यक्तिले अभियन्ता र जागिरेबीचको भिन्नता छुट्याउन सक्नुपर्ने बताउनुभयो।

# डिजिटल राईट्स सेक्युरिटीसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न

डिजिटल राईट्स नेपालको आयोजना र अनौपचारिक केन्द्र (इन्सेक) तथा मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्रको सहकार्यमा डिजिटल राईट्स सेक्युरिटीसम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम असोज ३ गते काठमाडौँमा सम्पन्न भयो। डिजिटल राईट्स नेपालका अध्यक्ष सन्तोष सिग्देलले प्रविधिको प्रयोग सँगसँगै जोखिम पनि बढेकाले त्यसको संवेदनशीलता र सुरक्षाको जानकारीका निम्ति अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको बताउनुभयो। उहाँले डिजिटल अधिकार के हो, यसले हामीलाई के प्रभाव पार्दछ, यो विषयसँग जोडिएका सुरक्षाका विषय के के हुन्, हामी के गरी सुरक्षित हुन सक्दछौं भन्ने विषयमा केन्द्रित रहेर कार्यक्रम सञ्चालन हुने बताउनुभयो।

प्रविधिको प्रयोगको क्रममा मुख्यत: नागरिक समाजसँग आबद्ध र मानव अधिकारका क्षेत्रमा काम गर्ने व्यक्तिहरू अत्यन्त जोखिममा रहेकाले उनीहरूलाई डिजिटल अधिकारको दायरा के छ भन्ने विषयमा कार्यक्रममा सहभागीबिच छलफल हुने समेत अध्यक्ष सिग्देलले उल्लेख गर्नुभयो।

कार्यक्रममा इन्सेका कार्यकारी निर्देशक विजयराज गौतमले यस अभिमुखीकरणले मानव अधिकारको क्षेत्रमा काम गर्ने अधिकारकर्मीलाई प्रविधिको प्रयोग र यसको अधिकारको सम्बन्धका बारेमा समेत उजागर गर्ने बताउनुभयो। उहाँले यस कार्यक्रमले प्रविधि प्रयोगको सुरक्षाका विषयमा सहभागीहरूले कुरा बुझ्ने र सिक्ने अवसर मिल्ने अपेक्षा राखेको बताउनुभयो। इन्सेकले यो वर्ष आफ्ना साझेदार संस्थासँग मिलेर सातै ओटा प्रदेशमा यस विषयमा तालिम दिने लक्ष रहेको समेत उहाँले जानकारी गराउनुभयो।

यसैगरी मानव अधिकार सन्धि अनुगमन केन्द्रकी संयोजक सम्झा श्रेष्ठले प्रविधिको प्रयोग बढेकाले त्यससँगै जोखिम पनि बढेको बताउनुभयो। साथै उहाँले डिजिटल प्लेटफर्ममार्फत भएका छलफल, अन्तरक्रिया र भएका निर्णयलाई सरकारले मान्यता दिनुपर्छ भन्ने कुरामा आफूहरूको मत रहेको उल्लेख गर्नुभयो। मुख्यत: नागरिक समाजसंग आवद्ध र मानव अधिकारका क्षेत्रमा काम गर्ने व्यक्तिहरूले हिंसा पीडितको बारेमा संवेदनशील तथ्याङ्क सङ्कलन गर्ने भएकाले प्रविधिको प्रयोगका सन्दर्भमा सचेत हुन जरुरी रहेको संयोजक श्रेष्ठले बताउनुभयो।

कार्यक्रममा डिजिटल राईट्स सेक्युरिटीसम्बन्धी कानुन, त्यसबाट हुने जोखिम र त्यसलाई न्यूनिकरण गर्न अपनाउन पर्ने सावधानी सम्बन्धमा डिजिटल्स राइट्सका टङ्क अर्याल, यस क्षेत्रमा कार्यरत नागरिक समाजले प्रविधिको प्रयोग गर्दा अपनाउनु पर्ने सुरक्षाका उपाय र जोखिम कम गर्न आफ्नो कर्तव्यका सम्बन्धमा सन्तोष सिग्देल र रुकमणी महर्जनले सहजिकरण गर्नु भएको थियो।

कार्यक्रममा प्रविधिको प्रयोगसँगै आएको सुरक्षा चुनौति र त्यसबाट बच्न अपनाउनु पर्ने उपायबारे अन्तरक्रिया गरिएको थियो।

# महिलाविरूद्ध हुने हिंसा न्यूनिकरणका लागि तालिम सम्पन्न




महिलाविरुद्ध हुने हिंसा न्यूनिकरण गर्ने र महिला अधिकार सुनिश्चित गराउने उद्देश्यसहित मनहरी गाउँपालिकाका युवा तथा पुरुषलाई मानव अधिकार तथा महिला अधिकारसम्बन्धी दुई दिने तालिम प्रदान गरिएको छ।

अधिकार तथा आर्थिक विकासमार्फत महिला सशक्तिकरण परियोजना अन्तर्गत मनहरी गाँउपालिकाका युवा तथा पुरुषहरूलाई ०७८ असोज ७ र ८ गते अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजना र डब्लूपिडीको पर्यवेक्षणमा 'मानव अधिकार तथा

महिला अधिकार' तालिम दिइएको हो। तालिममा कार्यक्रमको उद्देश्यबारे प्रष्ट पार्दै इन्सेककी व्यवस्थापन प्रमुख शुभेक्षा खड्काले महिला हिंसा न्यूनिकरणको लागि पुरुषको पनि समान दायित्व हुने भएकोले युवा तथा पुरुषलाई तालिमको आयोजना गरेको बताउनुभयो।

उहाँले पुरुषले दैनानिदिन गर्ने व्यवहार हिंसा हो होइन, के गर्दा हिंसा हुन्छ, के गर्दा हुँदैन भन्ने ज्ञान नहुँदा पनि घरेलु हिंसाले निरन्तरता पाइरहने हुनाले त्यस्ता घटनाको न्यूनिकरणका लागि तालिममा पुरुष सहभागीता गराइएको बताउनु भयो।

कार्यक्रममा इन्सेकका मानव अधिकार शिक्षा विभागका प्रमुख मदन पौडेलले मानव अधिकारको ऐतिहासिक अवधारणा प्रस्तुति गर्नुभएको थियो। साथै, पौडेले नेपालमा मानव अधिकारको कार्यान्वयनको अवस्था ऐन नियम र महिलाको अधिकारको संरक्षणको लागि गरिएको व्यवस्था बारे अवगत गराउनु भएको थियो।

कार्यक्रम संयोजक कृष्णप्रसाद नेपालले नेपालको संविधान र मौलिक हक तथा मानव अधिकारको विकास क्रमबारे तालिममा प्रस्तुतिकरण गर्नुभएको थियो। उहाँले नेपालको संविधान २०७२ ले नागरिकका लागि प्रत्याभूति गरेको भाग ३ को धारा १६ देखि ४७ सम्मको मौलिक हकमा भएको व्यवस्था र धारा ४८ मा भएको नागरिकको कतर्व्य बारे सहजिकरण गर्नुभएको थियो।

यस्तै इन्सेक बागमती प्रदेशका कार्यक्रम संयोजक गणेश भण्डारीले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारबारे सहभागीहरूलाई जानकारी दिनुभयो। उहाँले नेपालको संविधानको मौलिक हकमा व्यवस्था गरिएका शिक्षा, स्वास्थ्य, खाद्य र आवासको अधिकारको सरकारले जनतालाई सुनिश्चितता गरेको उल्लेख गर्नु भएको थियो। नि:शुल्क तथा गुणस्तरीय शिक्षा, बालबालिका मैत्री विद्यालय, छात्रावृति, दिवा खाजा कार्यक्रमको व्यवस्था सरकाले गरेको भण्डारीले जानकारी गराउनु भएको थियो।

यसैगरी, जनताको आधारभूत स्वास्थ्य उपचारको व्यवस्था, स्थानीय स्वास्थ्य चौकीमा निशुल्क औषधिको व्यवस्था, कोभिड-१९ सङ्क्रमण विरुद्ध नि:शुल्क उपचार, दीर्घ रोगको लागि आर्थिक सहयोग, स्वास्थ्य बिमा कार्यक्रम र ज्येष्ठ नागरिकलाई नि:शुल्क उपचारको व्यवस्था बारे जानकारी दिइएको थियो।

साथै खाद्य अधिकार सुनिश्तिताका लागि कृषि र पशुपालनको क्षेत्रमा सरकाले ल्याएको अनुदान कार्यक्रम र सामाजिक सुरक्षा भत्ताको व्यवस्था तथा विपन्न, एकल र पिछडिएका वर्गका लागि सुरक्षित आवास र फुसको छानो रहितको घर कार्यक्रम पनि यही मौलिक हकको कार्यान्वयनको चरण रहेको पनि उल्लेख गरिएको थियो।

अधिवक्ता अप्सरा बस्नेतले घरेलु हिंसा र कानुनी प्रावधानका बारेमा उल्लेख गर्नु भएको थियो। महिलामा माथि हुने हिंसाका प्रकार, हिंसाबाट हुने शारीरिक र मानसिक असर तथा हिंसा पीडित महिला लागि भएको कानुनी व्यवस्था बारे जानकारी गराउनुभएको थियो।

तालिममा मनहरी गाउँपालिकाका ३५ जना युवा तथा पुरुषहरूको सहभागिता रहेको थियो।

# मानव अधिकार तथा मानवीय अवस्था विषयक अन्तरक्रिया कार्यक्रम




इन्सेक गण्डकी प्रदेश कार्यालयले मानव अधिकार तथा मानवीय अवस्था विषयक अन्तरक्रिया कार्यक्रम असोज ६ गते सम्पन्न भयो। कार्यक्रममा इन्सेक गण्डकी प्रदेश कार्यालयका संयोजक शिव खकुरेलले कोभिड-१९ सङ्क्रमणका बेला राज्यले जिम्मेवार भूमिका बहन गर्न नसक्दा नागरिकहरूले अधिकारको प्रत्याभूत गर्न नसकेको बताउनुभयो। उहाँले प्रदेशको राजधानी पोखरामै रहेको अस्पतालमा अक्सिजन अभावका कारण नागरिकहरूले ज्यान गुमाउनुपर्ने अवस्था सिर्जना हुनु निकै दु:खद रहेको बताउँदै राज्यलाई मौलिक हक कार्यान्वयनका सवालमा गम्भिर बन्न आग्रह गर्दै हिंसा हुन नदिन र हिंसामा परेका बाल बालिकाहरूको अधिकारलाई सुनिश्चित गराउन नागरिक संस्था र राज्यको भूमिका महत्वपूर्ण रहने बताउनुभयो।

इन्सेक गण्डकी प्रदेश कार्यालयले गरेको अभिलेख अनुसार गण्डकी प्रदेशमा सन २०२१ को जनवरीदेखि जुनसम्म मानव अधिकार उड्घन तथा ज्यादतीका घटनामा २ सय ३८ जना पीडित भएका छन । जसमा राज्यपक्षबाट २५ जना पुरुष पीडित भए भने अन्य पक्षबाट ३० पुरुष र १ सय ८३ जना महिला गरी २ सय १३ जना पीडित भए। यस अवधिमा सबै भन्दा बढी महिलाविरुद्ध हुने हिंसाका घटनामा १ सय २५ जना महिला पीडित भए।

त्यस्तै बाल बालिकाविरुद्ध भएका हिंसाका घटनामा ५४ जना बाल बालिका पीडित भएका छन्।

कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका मुख्य न्यायाधीवक्ता रोहितराज बास्तोलाले कानुन कार्यान्वयनको अवस्था फितलो रहेकाले नागरिकहरूले संविधा(नबाट प्राप्त अधिकार उपभोग गर्न नपा(एको बताएका छन्। उहाँले नागरिक सङ्घ संस्था र सरकारकाले कानुन कार्यान्वयनको सवालमा आआफ्नो भूमिका खेल्नुपर्ने आवश्यकता औल्याउदै राज्यले कोट्याउन नसकेका मानव अधिकारका विषयलाई नागरिक सङ्घ संस्थाले दस्तावेजिकरण गर्ने, उठान गर्ने गरेको भन्दै इन्सेकले प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तक सरकारको लागी मानव अधिकार मैत्री नीति बनाउन उपयोगी रहेको बताउनुभयो। गण्डकी प्रदेश शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय सामाजिक विकास महाशाखा प्रमुख सुशिला आचार्यले नीतिगत र व्यवहारिक विषय कार्यान्वयनमा समस्या देखिदाँ मानव अधिकारका विषयलाई जति सम्बोधन गर्नुपर्ने थियो त्यती गर्न नसिकएको बता(उनुभयो। जिल्ला प्रहरी कार्यालय कास्कीका डिएसपी सुवास हमालले पीडितलाई न्याय दिलाउन प्रहरी प्रतिबद्ध रहेको बताउदै उहाँले पुर्नस्थापना केन्द्रको अभावका कारण हिंसाबाट पीडित भएकाहरूलाई सुरक्षित रूपमा राख्न कठिन भइरहेको बताउनुभयो।

# इन्सेकद्वारा सञ्चालित परियोजनाको अनुगमन



बाँके । बाह्य अनुगमन कर्ताद्वारा इन्सेकद्वारा सञ्चालित परियोजनाको अनुगमन २०७८ असोज १८ गते सम्पन्न भएको छ। अनुगमन टोलीले इन्सेकद्वारा राप्ती सोनारी गाउँपालिकामा सञ्चालित परियोजनाका साथै नेपाल मानव अधिकार वर्ष पुस्तकका बारेमा जिल्लास्थित विभिन्न सरोकारवालाहरूसँग भेटेर जानकारी लिएका थिए। राप्ती सोनारी गाउँपालिकामा गठित मानव अधिकार समूह र बाल अधिकार चेतना समूहसँग भेटेर शिक्षा, स्वास्थ्य, खाद्य र आवासको अधिकार, बाल अधिकारका विष(यहरू कार्यान्वयनको अवस्थाबारे छलफल भएको थियो। छलफलका क्रममा राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष लाहुराम थारुले इन्सेकले प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकमा सत्य तथ्य घटनाहरू प्रकाशन हुने भएकोले पुस्तक एकदमै लाभदायी रहेको बताउनु भयो। राप्ती सोनारी गाउँपालिकाकी उपाध्यक्ष धनिकुमारी खत्रीले इन्सेकले गाउँपालिकामा चेतना मूलक कामहरूलाई व्यापकरुपमा अगाडि बढाएको बताउँदै बालविवाह रोक्ने जस्ता उदाहरणीय कामहरू गरेको बताउनु भयो। उहाँले इन्सेककै पहलमा गाउँप(ालिकामा उपभोक्ता हित सङ्रक्षण समिति गठन भई बजार अनुगमन जस्ता कामहरू भइरहेको बताउनु भयो। गाउँपालिका स्तरिय मानव अधिकार समूहकी संयोजक धनि वलीले समुहमा रहेर गरेका कामले थुप्रै परिवर्तन गर्न सहयोग पुगेको बताउनु भयो। उहाँले विद्यालयहरूमा विभिन्न बहानामा लिइरहेको शुल्क फिर्ता गराउन, स्वास्थ्य चौकीहरूलाई व्यवस्थित गर्न, गाउँ गाउँमा भएका बाल विवाह रोक्न, बहुविवाह र महिला हिंसा रोकथामका लागि कामहरू गरेको बताउनु भयो। जन(शक्ति माविमा गठित बाल अधिकार चेतना समूहका सचिव सुनिल विकले बाल अधिकार चेतना समूहलाई तालिम नभएका कारण काम गर्नमा गाह्रो भएकोले बाल अधिकार चेतना समूहका सबै जनालाई तालिम दिने व्यवस्था मिलाउन आग्रह गर्नु भयो। विकले बाल अधिकार चेतना समूहले विद्यालयमा वक्तित्वकला, हाजीर जवाफ प्रतियोगिता र सरसफाई जस्ता कामहरू गरेको बताउनु भयो। अनुमगनका क्रममा जनशक्ति माविक भवन जिर्ण अवस्थामा रहेको , विद्यार्थीहरूलाई पढ्नका लागि भौतिक स्रोतको कमी भएको, बस्नको लागि बेञ्चको अभाव रहेको र बाल अधिकार चेतना समूहका पदाधिकारीहरूले तालिमको नपाएको पाइएको इन्सेक नेपालगञ्जकी अधिकृत सरस्वती मल्लले बताउनु भयो। यसैगरी, नेपाल मानव अधिकार वर्ष पुस्तक र इन्सेकले गर्दै आएको कामको सम्बन्धमा बाह्य अनुगमन टोलीका मिना शर्मा, भवानी महर्जनले राष्ट्रिय मानव अधिकार आयोग, नेपालगञ्जका प्रमुख झङ्करबहादुर रावल, जिल्ला प्रहरी कार्यालयका डिएसपी मधुसुधन न्यौपाने, नेपाल पत्रकार महासंघका बाँके शाखा अध्यक्ष दामोदर भण्डारी लगायतसँग भेटेर जानकारी लिनु भएको थियो।

# प्रदेश कार्यालयद्वारा इएलपी कार्यक्रमको अनुगमन

रुपन्देही । नौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लुम्बिनी प्रदेश कार्यालयले शुध्दोधन गाउँपालिकामा सञ्चालित इएलपी कार्यक्रमको असोज ९ गते अनुगमन गरेको छ।

अनुगमनका क्रममा इन्सेक लुम्बिनी प्रदेश कार्यालयका प्रमुख भोला महतले इएलपी कार्यक्रम अन्तर्गत गठित मानव अधिकार समूहले गरेका कामहरूका विषयमा जानकारी लिनुका साथै आगामी कार्य योजनाका विषयमा छलफल गर्नु भएको थियो। प्रमुख महतले इन्सेकले लामो समयदेखि मानव अधिकारको अनुगमन, अभिलेखिकरण र मानव अधिकार उल्लङ्घन गर्नेलाई कारबाहीको लागि पैरवी र खबरदारी गर्दै मानव अधिकार शिक्षाका विषयमा समेत काम गर्दै आएको बताउनु भयो। उहाँले पछिल्लो समयमा मानव अधिकार संस्कृतिको विकास गर्नका लागि राज्यका जिम्मेवार निकायहरूलाई जवाफदेही बनाउनका लागि विभिन्न जिल्लाका ७७ वटा स्थानीय तहमा कार्यक्रम सञ्चलान भइरहेको बताउनु भयो। मानव अधिकार समूहले महत्त्वपूर्ण काम गरेको भएपनि अभिलेखिकरण कमजोर भएकाले गरेका कामहरूलाई अभिलेखिकरण गर्न र इन्सेक अनलाइन र मानव अधिकार शिक्षा रेडियो कार्यक्रमसँग जोड्नका लागि जिल्ला सहजकर्तालाई आग्रह गर्नुभयो। कार्यक्रममा मानव अधिकार निगरानी समूहले गरेका कामहरूका विषयमा समूहका उपाध्यक्ष कपिल अर्यालले रचनात्मक काम गर्दै आएको र नि:शुल्क किड्नी जाँच गर्ने कार्यको सुरूवात भएको बताउनु भयो। समूहका अध्यक्ष जगत सापकोटाले गाउँपालिकामा शिक्षा र स्वास्थ्य अधिकारका विषयमा सवालहरूमा केन्द्रित रहेर कार्यक्रम सञ्चालन भइरहेको बताउनु भयो। उहाँले समूहले सबै विद्यालयमा प्राथमिक स्वास्थ्य उपचारको व्यवस्थापन गर्नको लागि पहल गरेको, कोभिडको विषयमा जागरण अभियान, माइकिङ्ग पम्पलेट वितरण जस्ता कार्य व्यक्तिगतरुपमा खर्च गरेर गरेको बताउनु भयो।

# मानव अधिकार रक्षकहरूको संरक्षण र संवर्धनका लागि राज्य संवेदनशील हुनुपर्नेमा जोड




रुपन्देही । मानव अधिकार रक्षकहरूको सङ्रक्षण र संवर्धनकालागि राज्य सम्वेदनशिल हुनुपर्ने एक कार्यक्रमका सहभागीहरूले जोड दिएका छन्।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लुम्बिनी प्रदेशको आयोजना तथा शिशु र डिसिएको सहयोगमा असोज १० गते बुटवलमा आयोजित मानव अधिकार संरक्षण र संवर्धनका लागि प्रदेश सभा सदस्यहरूसँग कार्यशाला गोष्ठीका सहभागीहरूले उक्त कुरामा जोड दिएका हुन्। कार्यक्रममा प्रदेशका मुख्य मन्त्री कुलप्रसाद केसीले मानव अधिकारको संरक्षण र संवर्धनका लागि प्रदेश सरकार सम्वेदनशील रहेको बताउदै राजनीतिक अस्थिरता र असन्तुलनका कारण कानुन निर्माणले प्राथमिकता पाउँछ पाउँदैन भन्ने कुरामा अन्यौल भएको बताउनु भयो। मुख्यमन्त्री केसीले विधेयकको हिस्सेदार संघीय सरकार भएकोले यस विषयमा संघीय सरकारलाई अझ जवाफदेही बनाउने गरी छलफल बढाउनुपर्ने बताउनु भयो। इन्सेकले मानव अधिकार रक्षकहरूको अधिकार संरक्षण तथा प्रवर्द्धनसम्बन्धी विधयकका विषयमा प्राथमिकता दिइयोस् भन्ने विषयमा प्रदेश सरकार सकारात्मक रहेको मुख्यमन्त्री केसीले बताउनु भयो। लुम्बिनी प्रदेशका मुख्य न्यायाधीवक्ता श्रीकृष्ण सुवेदीले आफ्नो जीउ ज्यानको बाजी लगाएर मानव अधिकारको रक्षाका निम्ति लागि पर्ने मानव अधिकार रक्षकहरूको सम्मान,

संरक्षण र संवर्धनका निम्ति सरकार सम्वेदनशिल भएर लाग्नुपर्ने बताउनु भयो। उहाँले नेपाल अन्तर्राष्ट्रिय सन्धि सम्झौताका विषयमा आँखा चिम्लेर हस्ताक्षर गर्ने पक्ष राष्ट्र भएकोले मानव अधिकार रक्षकहरूको अधिकारको संरक्षण र सम्मानमा तदारूकता देखाउनुपर्ने भन्दै मानव अधिकार रक्षकको भूमिका र योगदानको विषयमा प्रदेश सभा सदस्यहरूले संवेदनशील भएर ल्याइ दिन हुन आग्रह गर्नुभयो। मुख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालयका कानुन सचिव राजेन्द्र थापाले मानव अधिकार रक्षकको सम्मान र सङ्रक्षणका लागि राज्यले विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र भइसकेकोले यो विषयमा स्पष्ट भएर अगाडि बढ्न सकिने बताउनु भयो। उहाँ हरेक विधेयकलाई छुट्टै विधेयकको रुपमा बनाउनु भन्दा राष्ट्रिय मानव अधिकार आयोगको ऐनलाई संशोधन गरेर समावेश गर्ने गरी अगाडि बढ्दा राम्रो हुने बताउनु भयो। उहाँले मानव अधिकार रक्षकहरूको सम्मान र संरक्षणको विषय आवश्यक भए पनि प्राथमिकतामा नपरेकोले अहिले पनि यही विषयमा छलफल गर्नुपरेको बताउनु भयो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का कार्यकारी निर्देशक विजयराज गौतमले इन्सेकले तीन दशकदेखि मानव अधिकारको अनुगमन, अभिलेखिकरण, पैरवी र मानव अधिकार शिक्षाको विषयमा काम गर्दै आइरहेको बताउदै मानव अधिकार रक्षकको अधिकारको संरक्षण, प्रवर्द्धनका लागि राज्यले ध्यान दिनुपर्ने बताउनु भयो निर्देशक गौतमले मानव अधिकार रक्षकहरूको संरक्षण र संवर्धनका लागि छलफलमा आएका विषयहरूलाई समावेश गरेर प्रदेश सरकारलाई हस्तान्तरण गर्ने बताउनु भयो। कार्यक्रममा प्रदेश सभा सदस्य भोजप्रसाद श्रेष्ठले मानव अधिकार रक्षकरूको सवाल अत्यन्तै महत्त्वपूर्ण भएकोले यो विषयमा राज्य सम्वेदनशील हुनपर्नेमा जोड दिनुभयो। श्रेष्ठले मानव अधिकारको संरक्षण गर्नका लागि छुट्टा छुट्टै कानुन निर्माण भन्दा पनि एकीकृत मानव अधिकारको कानुन निर्माण गर्नुपर्ने बताउदै मानव अधिकार रक्षकको विषयलाई त्यही कानुनमा राख्ने गरी निर्माण गर्नुपर्ने बताउनु भयो। यसैगरी, प्रदेश सभा सदस्य तुल्सीप्रसाद चौधरीले मानव अधिकार रक्षकको कानुन छुट्टै निर्माण भन्दा पनि मानव अधिकार सम्बन्धी कानुन निर्माण गरेर गर्नुपर्ने बताउनु भयो। प्रदेश सभा सदस्य डा.कृष्णप्रसाद न्योपाने, थानकुमारी थापा, दिपा वि.क., तुलाराम घर्ती, अर्जुन केसी लगायतले मानवअधिकारको एकीकृत कानून निर्माणमा जोड दिन सुझाव दिनुभएको थियो। कार्यक्रममा प्रदेश योजना आयोगका सदस्य शिव पुजन यादवले मानव अधिकार रक्षकले मानव अधिकारको संरक्षणका लागि महत्वपूर्ण काम गरेकोले उनीहरूको हक अधिकारको सुनिश्चिता गर्नुपर्ने बताउनु भयो। कार्यक्रममा अभिवक्ता युवराज कडेलले मानव अधिकार रक्षक को हो ? त्यसलाई चिन्न गाह्रो भएको बताउदै मानव अधिकार रक्षक को हो र क्षेत्राधिकार के हो ? भन्ने विषयमा पनि स्पष्ट हुनुपर्ने बताउनु भयो। राष्ट्रिय मानवअधिकार आयोगका मानव अधिकार अधिकृत दीपक ठाकुरले मानव अधिकार रक्षकहरूको परिभाषाको विषयमा स्पष्ट रूपमा उल्लेख गरिनुपर्ने बताउनु भयो। इन्सेक प्रदेश प्रमुख भोला महतले इन्सेकले मानव अधिकारको अनुगमन, अभिलेखिकरण गर्दै मानव अधिकारको सङ्रक्षण प्रवर्द्धनका लागि लामो समयदेखि काम गर्दै आइरहेकोले कार्यक्रममा आएका सुझावहरूलाई समेटिने बताउनु भयो।

# हिरासत कक्षको अनुगमन




बाँके । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), एडभोकेसी फोरम र सिवीन नेपालगञ्जले संयुक्तरुपमा असोज २० गते जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय, कोहलपुरको हिरासत कक्षको अनुगमन गरेका छन्। अनुगमन टोलीले थुनुवाहरूलाई भेटेर उनीहरूको अवस्थाका बारेमा जानकारी लिनुका साथै जिल्ला प्रहरी कार्यालयका सई पुर्ण वली र इलाका प्रहरी कार्यालयका डिएसपी रविन्द्र खनाललाई भेटेर थुनुवा कक्षमा देखिएका समस्याहरूको बारेमा छलफल र सुधारका लागि सुझाव समेत दिएका थिए। टोलीले खानाको गुणस्तर सुधार गर्नुपर्ने, आफन्तहरूलाई भेट गर्ने वातावरणलाई सहज बनाउनु पर्ने, बयानका क्रममा आफू विरुद्ध लगाइएको मुद्दाका सन्दर्भमा बयान लिँदा र लिइसके पछि पुन: बयानमा लेखिएका कुराहरू एकपटक सुनाएर मात्र हस्ताक्षर गराउने लगायतको सुझाव

दिइएको एड्भोकेसी फोरमका संयोजक बसन्त गौतमले बताउनु भयो । अनुगमनका क्रममा थुनुवाहरूलाई समयमा म्याद थप नगरी हिरासतमै राखेको, खानाको उचित व्यवस्थापन नभएको, थुनुवा कक्षमा पानीको व्यवस्थापन नभएको लगायतका कमजोरीहरू रहेको पाइयो। जिल्ला प्रहरी कार्यालयमा ३० जना थुनुवाहरू रहेको बताउँदै खानाको गुणस्तरको सुधार गर्ने जिल्ला प्रहरी कार्यालयका सई पुर्ण वलीले बताउनु भयो। इलाका प्रहरी कार्यालय कोहलपुरका डिएसपि रविन्द्र खनालले इलाका प्रहरी कार्यालय, कोहलपुरको हिरासत कक्षमा ११ जना थुनुवाहरू रहेको बताउँदै थुनुवाहरूको समयमानै म्याद थप गर्न अदालतमा पुऱ्याउने , खानाको गुणस्तर बढाउने र थुनुवाहरूको व्यवस्थापन गर्न थुनुवा कक्षको निमार्ण गर्न लागेको बताउनु भयो। अनुगमन टोलीमा एड्भोकेसी फोरमका संयोजक अधिवक्ता वसन्त गौतम र इन्सेक लुम्बिनी प्रदेश कार्यालय नेपालगञ्जका प्रलेख अधिकृत विनोद पाण्डे, बाँके जिल्ला प्रतिनिधि स्मृति देवकोटा र सिविन नेपालकी आशा श्रेष्ठ रहनु भएको थियो।

# लुम्बिनी प्रदेशको मानव अधिकार अवस्था विषयक अन्तरक्रिया




बाँके । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नेपालगञ्जको आयोजनामा असोज २२ गते नेपालगञ्जमा अयोजित लुम्बिनी प्रदेशको मानव अधिकार अवस्था विषयक अन्तरक्रिया सम्पन्न भएको छ। कार्यक्रममा बेल्दै जिल्ला प्रहरी कार्यालयका डिएपी मधुसुधन न्यौपानेले मानव अधिकारकर्मीहरूले घटनाको विषयमा प्रहरीलाई अनुसन्धानमा सहयोग गर्न आग्रह गर्नु भएको छ। डिएपी न्यौपानेले मानव अधिकारकर्मीहरूले घटनाको विषयमा विस्तृत कुरा समानरूपमा बुझ्न आवश्यक रहेको बताउनु भयो। उहाँले नन्नकुन्नी धोवीको हत्याका विषय र निर्मला कुर्मीको घटनाका विषयमा अनुसन्धान प्रकृया अगाडि बढाएको बताउनु भयो। जिल्ला प्रशासन कार्यालय सहायक प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले नागरिकहरूलाई दिने सुरक्षाका विषयमा कुनै कसर नछाड्ने बताउनु भयो। उहाँले नागरिकहरूले सुरक्षाकर्मीहरू प्रति कम विश्वास गर्ने भएकोले घटनाको अनुसन्धान गर्न असहज हुने गरेको बताउनु भयो। राष्ट्रिय मानव अधिकार आयोग, नेपालगञ्जका प्रमुख झङ्करबहादुर रावलले मानव अधिकारकर्मीहरूले सम्पादन र मूल्याङ्कन गर्ने विषयमा गम्भीर भएर काम गर्न आग्रह गर्नु भयो। नेपाल बार एशोसिएशनका उपाध्यक्ष सुनिलकुमार श्रेष्ठले मानव अधिकारकर्मीहरूले पीडितको उजुरी दर्ता गराउन पहल गर्ने र घटनाको अनुसन्धान गर्न पहल गर्ने भएकोले अदालतमा विचाराधिन रहेको मुद्दामा प्रतिवाद गर्न नहुने बताउनु भयो। अधिवक्ता लोकबहादुर शाहले नागरिक, सुरक्षाकर्मी, मानव अधिकारकर्मीहरूले एक अर्कामाथि गरिने विश्वासको कमी भएकोले काम गराइमा अप्ठ्यारो परिस्थिति आउने गरेको बताउनु भयो। अधिवक्ता शाहले घटनाका विषयमा सुरक्षाकर्मी, मानव अधिकारकर्मीहरूले मात्र नभएर आम नागरिकहरूलाई पनि प्रष्ट पार्न आवश्यक रहेको बताउनु भयो। मानव अधिकारकर्मी प्रभातकुमार ठकुरीले नागरिकहरूको खाद्य अधिकारलाई मध्यनजर गर्दै बजार अनुगमनलाई व्यापक रुपमा अगाडि बढाउन आवश्यक रहेको बताउनु भयो। अधिवक्ता विकास आचार्यले अहिलेको समयमा बालविवाह व्यापक रूपमा फैलिएकोले यसलाई रोक्न मानव अधिकारकर्मीहरू भूमिका निर्वाह गर्नुपर्ने बताउनु भयो। अधिकारकर्मी कमला पन्तले मानव अधिकारकर्मीहरूले सिमा क्षेत्रमा नागरिकहरू ठगिने कार्य धेरै भएकोले सिमा क्षेत्रमा गम्भीर भएर निगरानी बढाउन आवश्यक रहेको बताउनु भयो। इन्सेक लुम्बिनी प्रदेश प्रमुख भोला महतले इन्सेकले २०२१ जनवरीदेखि जुनसम्म ६ महिनाको अवधिमा इन्सेकले अभिलेख गरेका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू समेटिएको तथ्याङ्क प्रस्तुत गर्नु भएको थियो।

# राउटे समुदायमा समयमा सामाजिक सुरक्षा भत्ता दिनुपर्ने अधिकारकर्मीको माग

सुर्खेत । राउटे समुदायमा दिइने सामाजिक सुरक्षा भत्ता समयमा वितरण गरिनुपर्ने लगायत उक्त समुदायको संरक्षणका सवालमा अधिकारकर्मीको टोलीले असोज १९ गते सामाजिक विकास मन्त्री यज्ञबहादुर विसी समक्ष ध्यानाकर्षण गराएको छ।

सामाजिक विकास मन्त्रालयले राउटे वस्तीमा खटाएका कर्मचारी नियमित नबस्दा राउटे समुदाय असुरक्षित भएको, दशैं नजिकिदै गर्दा उनीहरूले पाउनु पर्ने सामाजिक सुरक्षा भत्ता नपाएको लगायतका विषयमा सामाजिक विकास मन्त्रीको ध्यानाकर्षण गराइएको इन्सेकका कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले जानकारी गराउनु भयो।

अधिकारकर्मीको टोलीले सामाजिक मन्त्रीसमक्ष राउटे जुन पालिकामा बस्छन सोही पालिकाबाट समयमा सामाजिक सुरक्षा भत्ता दिने व्यवस्था मिलाउनु पर्ने, वस्तीमा पोषण कार्यक्रम सञ्चालन गर्नुपर्ने, राउटेलाई नगद दिनु भन्दा आवश्यक खाद्यान्न एकद्वार प्रणालीबाट वितरण गर्नुपर्ने र राउटे वस्तीमा विश्वासिलो व्यक्तिबाट परामर्श सेवा दिनुपर्ने लगायतका विषय राखेको थियो।

सामाजिक विकास मन्त्री विसीले राउटे समुदायको संरक्षणका लागि मन्त्रालयले गर्नुपर्ने भूमिका प्रभावकारी रूपमा सञ्चालन गर्ने प्रतिबद्धता जनाउनुभयो। यस समुदायको हित, संरक्षण तथा जीविकोपार्जनका लागि आर्थिक वर्ष ०७८/०७९ मा केही बजेट विनियोजन गरिएको बताउँदै मन्त्री विसीले आवश्यक कार्यविधि बनाई कार्यान्वयन गर्ने जानकारी दिनु भयो।

मन्त्रालयबाट खटाइएको कर्मचारी राउटे वस्तीमा नियमित नभएको विषयमा बुझेर आवश्यक पहल गर्ने, राउटे वस्तीमा दिइने खाद्यान्न लगायतका सामान एकद्वार प्रणालीबाट दिने व्यवस्था मिलाउने र पोषण सम्बन्धी कार्यक्रम यस क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग समन्वय गरी सञ्चालन गर्ने प्रतिबद्धता जनाउनुभयो।

इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेतको संयोजनमा मन्त्रीसँग भएको छलफल कार्यक्रममा इन्सेक प्रदेश संयोजक सुवेदी, नेपाल पत्रकार महासङ्घ कर्णाली प्रदेश अध्यक्ष देविराम देवकोटा, सुर्खेत शाखाका अध्यक्ष ललित बसेल, राउटे लोपोन्मुख सीमान्तकृत वर्ग उत्थान प्रतिष्ठान नेपालका जिल्ला अध्यक्ष कृष्णा ओली, सोही प्रतिष्ठानका जिल्ला उपाध्यक्ष बसन्ता अधिकारी, आवाजका निशा पौडेल, इन्सेकका कार्यक्रम फोकल पर्सन दुर्गा थापा, स्याकका निर्देशक टीकाराम आचार्य, वामका कार्यसमिति सदस्य रूमा थापा र पत्रकार जगतदल जनाला लगायतको उपस्थिति रहेको थियो। घुमन्ते जीवन बिताउँदै आएका राउटेहरू हाल सल्यानको वनगाड कुपिण्डे नपा-१ को घाटगाउँमा बस्दै आएका छन्। उक्त वस्तीमा १ सय ४१ जना राउटे रहेका छन्।

उनीहरूले ०७८ साउनदेखि सामाजिक सुरक्षा भत्ता नपाएको राउटे लोपोन्मुख सीमान्तकृत वर्ग उत्थान प्रतिष्ठान नेपालका जिल्ला अध्यक्ष कृष्णा ओलीले जानकारी दिनुभयो।

# खाद्य अधिकार अधिकारसम्बन्धी अन्तरक्रिया सम्पन्न

सुर्खेत । वीरेन्द्रनगर नपाका उपप्रमुख मोहनमाया ढकालले दशैं तिहारको समयमा बजार अनुगमन कार्यलाई प्रभावकारी बनाइने बताउनुभएको छ। इन्सेक कर्णाली प्रदेश कार्यालय सुर्खेतले असोज २० गते वीरेन्द्रनगरमा आयोजना गरेको खाद्य अधिकारको सवालमा सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रियामा सो कुरा बताउनु भएको हो।

संघ, प्रदेश र स्थानीय तहले एकिकृत कानुन निमार्ण गरी बजार अनुगमन कार्यलाई तिब्रता दिनुपर्ने कुरामा जोड दिदै कानुनको अभावमा बजार अनुगमन कार्य फितलो हुँदा उपभोक्ताहरू मारमा परेको उल्लेख गर्नुभयो।

कार्यक्रमको उद्देश्य प्रकाश पार्दै इन्सेक कर्णाली प्रदेश कार्यालय सुर्खेतका संयोजक नारायण सुवेदीले नियमित बजार अनुगमन हुन नसक्दा ग्रामिण क्षेत्रका उपभोक्ताहरू बढी मारमा परेको बताउनुभयो।



कार्यक्रममा जिल्ला प्रशासन कार्यालय सुर्खेत अधिकृत रामबहादुर बुढा, मध्यपश्चिम विश्वविद्यालयका उपप्रध्यापक कमल लम्साल, वीरेन्द्रनगर नपाका वडाध्यक्ष बलबहादुर रोकाय, ११ का वडाध्यक्ष नन्दलाल शर्मा उद्योग वाणिज्य संघका अध्यक्ष धनबहादुर रावत र नेपाल पत्रकार महासंघ सुर्खेत शाखाका अध्यक्ष ललित बसेल लगायतले धारणा राख्नु भएको थियो।

कार्यक्रममा जनप्रतिनिधि, विभिन्न नागरिक संघसंस्थाका प्रतिनिधि, सञ्चारकर्मी र मानव अधिकार समूहका सदस्यहरूको उपस्थिती रहेको थियो।

# राउटे समुदायको सुरक्षा अवस्थाका विषयमा प्रदेश प्रहरी प्रमुखसँग छलफल



सुर्खेत । राउटे समुदायको सुरक्षा अवस्थाका सम्बन्धमा अधिकारकर्मीको टोलीले कर्णाली प्रदेश प्रहरी प्रमुख गणेशबहादुर ऐरसँग असोज १८ गते छलफल गरेको छ।

पछिल्लो समयमा राउटे बस्तीमा विभिन्न आपराधिक घटना भएको विषयलाई मध्यनजर गर्दै नजिकै आइरहेको चाडपर्वमा कुनै अप्रिय घटना हुन नदिन ऐरसँग छलफल गरिएको इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेतका संयोजक नारायण सुवेदीले जानकारी दिनु भयो।

छलफलका क्रममा नेपाल प्रहरीका कर्णाली प्रदेश प्रमुख ऐरले तत्काल सुर्खेत र सल्यानका प्रहरी प्रमुखसँग फोन सम्पर्क गरी राउटे वस्तीको सुरक्षा अवस्था बलियो बनाउन निर्देशन दिनु भएको छ।

'यस विषयमा तपाईहरूले हामीलाई झक्झक्याइ दिनु भएको छ। हामी सचेत छौं। तरपनि थप सचेत भई सुरक्षा अवस्था बलियो बनाउछौं' उहाँले भन्नु भयो।

अघिल्लो हप्ता सुर्खेतको वीरेन्द्रनगर नपास्थित पाथीभरा मन्दिरकी पुजारी माताले टिकटक बनाई यूटुवमा राख्ने भनी दुई जना युवतीलाई वीरेन्द्रनगर ल्याएको घटना र गत जेठ महिनामा दुई जना युवतीलाई मदिरा सेवन गराई यौन दुर्व्यवहार गरेको भिडियो सामाजिक सञ्जालबाट सार्वजनिक गरेको घटनाका विषयमा प्रहरीसँग छलफल गरिएको थियो।

इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेतको संयोजनमा भएको छलफल कार्यक्रममा इन्सेकका प्रदेश संयोजक नारायण सुवेदी, मानव अधिकार रक्षक सञ्जालका प्रदेश संयोजक पिताम्बर ढकाल, नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश अध्यक्ष देविराम देवकोटा, राउटे लोपोन्मुख सीमान्तकृत वर्ग उत्थान प्रतिष्ठान नेपालका जिल्ला उपाध्यक्ष बसन्त अधिकारी, आवाजका निशा पौडेल, इन्सेकका कार्यक्रम फोकल पर्सन दुर्गा थापा लगायतको उपस्थिति रहेको थियो।

केही समय अघि सल्यानका प्रमुख जिल्ला अधिकारीले राउटे वस्तीमा प्रहरी पोष्ट खडा गरेको भएपनि हाल राउटे समुदायमा प्रहरी पोष्ट नियमित नभएको राउटे लोपोन्मुख सीमान्तकृत वर्ग उत्थान प्रतिष्ठान नेपालका जिल्ला उपाध्यक्ष बसन्त अधिकारीले जानकारी दिनु भयो।

राउटेहरू हाल सल्यानको वनगाड कुपिण्डे नपा-१ को घाटगाउँमा बस्दै आएका छन्। उक्त वस्तीमा १ सय ४१ जना राउटे रहेका छन्।

# प्रदेश शहिद पार्क स्थापना गर्न ध्यानाकर्षण

सुर्खेत । द्वन्द्वपीडित र अधिकारकर्मीको टोलीले कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा प्रदेश शहिद पार्क स्थापना गर्न सरकारको ध्यानाकर्षण गराएको छ। कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्री सीता नेपालीलाई असोज २० गते भेटेर टोलीले यस्तो ध्यानाकर्षण गराएका हुन। इन्सेक सुर्खेतको पहलमा गएको टोलीले शहिदहरूको नाममा प्रदेश राजधानी वीरेन्द्रनगरमा शहिद पार्क, प्रदेश संग्रहालय निमार्ण गर्नुपर्ने र शशस्त्र द्वन्द्वबाट पीडित बालबालिकाहरूलाई निःशुल्क अध्ययन गर्न पाउने कानुन बनाउनुपर्ने माग पनि राखेका थिए।

यस्तै टोलीले द्वन्द्वको समयमा यौन हिंसामा परेका महिलाहरूको गोपनियतालाई ध्यान दिँदै राहत तथा घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था गराउनु पर्ने मन्त्री समक्ष माग राखेका थिए।

टोलीको ध्यानाकर्षणपछि आन्तरिक मामिला तथा कानुन मन्त्री सीता नेपालीले मन्त्रालयले सशस्त्र द्वन्द्वका घाइते तथा अपा ताहरूको निःशुल्क उपचार गर्न कार्यविधी निमार्ण गरिसकेको र यसैको आधारमा दिगो कानुन निमार्ण गर्ने तयारी गरिरहेको उल्लेख गर्नु भयो। भेटघाटको क्रममा सबैखाले द्वन्द्वमा परेका पीडितहरूलाई राहत तथा न्याय दिने राज्यको प्रमुख दायित्व भएको इन्सेक कर्णाली प्रदेश कार्यालय सुर्खेतका संयोजक नारायण सुवेदीले बताउनु भयो। टोलीमा संयोजक सुवेदी, द्वन्द्व पीडित साझा चौतारी कर्णाली प्रदेशका संयोजक सितलासिंह राठौर, कानुन व्यवसायी तेज बोहोरा र इन्सेक सुर्खेतका फोकल पर्सन दुर्गा थापा रहनु भएको थियो।

# मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षणसम्बन्धी अन्तरक्रिया कार्यक्रम




कैलाली। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीको आयोजनामा मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षणसम्बन्धी अन्तरक्रिया कार्यक्रम डोटी जिल्लाको सिलगडी र डडेल्धुराको अमरगडीमा असोज ४ गते, बैतडी जिल्लाको गडीमा असोज ५ गते र अछाम जिल्लाको मंगलसेनमा असोज १९ गते सम्पन्न भयो। नेपाल सरकार गृह मन्त्रालयले मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षण गर्ने सम्बन्धी आदेश २०७७ जारी गरेकोले यसको प्रचारप्रसार गर्न र आदेशको पूर्ण कार्यान्वयन गर्न सम्बन्धीत निकायहरूको ध्यानकर्षण गराउन कार्यक्रमको आयोजना गरिएको बताउनु भयो। बैतडीका प्रमुख जिल्ला अधिकारी रोजेन्द्रदेव पाण्डेले मानव अधिकार रक्षकहरूको सुरक्षा र जनताको मानव अधिकार प्रत्याभूत गराउन आफूहरू प्रतिबद्ध रहेको बताउनु भयो। उहाँले समस्याहरू भन्नका लागि औपचारिक कार्यक्रम नै नकुरी तत्काल जानकारी गराएको खण्डमा आफूहरू त्यसको समाधानका लागि प्रयास गर्ने बताउनु भयो। मानव अधिकारकर्मी सरस्वती नेपालीले महिला र दलितले आधारभूत अधिकार अझै पाउन नसेकेको बताउनु भयो। उपेक्षामा परेको वर्ग र समुदायको अधिकारका लागि सबैले वकालत तथा पहलकदमी गर्न आवश्यक भएको बताउनु भयो। जिल्ला प्रहरी कार्यालय, डडेल्धुराका डिएसपी महेन्द्र नेपालले मानव अधिकार रक्षकहरूको सुरक्षा र संरक्षणका लागि सुरक्षा निकाय तयार रहेको बताउँदै मानव अधिकार रक्षकहरू पहिचानसहित सूचिकृत हुन पर्नेमा जोड दिनु भयो। डिएसपी नेपालले कानुनले मात्र समाज परिर्वतन हुन नसक्ने भएकोले हरेक व्यक्तिको आचरणमा सुधार नल्याएसम्म असुरक्षित हुनु पर्ने अवस्था रहिरहने बताउनु भयो। प्रहरीले मानव अधिकार रक्षकहरूसँग समन्वय सहकार्य गर्दै आइरहेकाले उहाँहरूको सुरक्षा र संरक्षण पहिलो प्राथमिकतामा राखेको डिएसपी नेपालको भनाई छ। पीडितहरूको पक्षमा पैरवी तथा वकालत गर्दा सुरक्षा निकाय तथा अन्य जिम्मेवार निकायबाट गोप्य सूचनाहरू चुहावट हुँदा मानव अधिकारकर्मीहरू असुरक्षित हुने गरेकोले मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षण गर्ने सम्बन्धी आदेश २०७७ को प्रभावकारी कार्यान्वयन हुन पर्ने नेपाल पत्रकार महासंघ, डडेल्धुराका अध्यक्ष हिक्म(तबहादुर सिंहले बताउनु भयो। डोटीका पत्रकार झलक पालिले जिल्लामा मानव अधिकारकर्मीहरूमाथि पटकपटक राज्यप(क्षबाट दुर्व्यवहार हुने गरेकोले गृह मन्त्रालयबाट जारी गरिएको आदेश प्रहरी प्रशासनबाट पूर्ण रूपमा कार्यान्वयन हुन सकेको खण्डमा अधिकारकर्मीहरूले सुरक्षित रूपका मानव अधिकारको क्षेत्रमा काम गर्न सहज हुने बताउनु भयो। दलित अधिकारकर्मी अधिराज बिसीले अधिकारकर्मी राजनीतिक रूपमा विभाजित हुने गरेका कारण पनि असुरक्षित हुनु परेको बताउँदै जिल्लामा दलित तथा महिला अधिकारकर्मीहरू बढी जोखिममा रहेको बताउनु भयो।

अछामका प्रमुख जिल्ला अधिकारी रुद्रबहादुर मल्लले कानुनअनुसार सुरक्षा निकायले मानव अधिकार रक्षकको सुरक्षा र संरक्षणमा विशेष चासो राखेको भएपनि मानव अधिकारकर्मी सहजै पहिचान नभएकाले सुरक्षा र संरक्षणमा समस्या भएको बताउनु भयो। 'मानव अधिकार रक्षक असुरक्षित हुने अवस्था सुरक्षा निकायले गर्दैन, तर मानव अधिकार रक्षकले पनि सन्तुलित भएर सुरक्षाको विश्लेषण गरेर काम गर्नुपर्ने हुन्छ।' - प्रजिअ मल्लले भन्नुभयो। महिला अधिकारकर्मी विन्दु रावलले शिक्षा, स्वास्थ्य, आवास र खाद्यजस्ता मानव अधिकारका सबै अधिकारलाई आगामी दिनमा बहसको विषय बनाउनुपर्ने भनाइ राख्नुभयो। इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीका संयोजक खडकराज जोशीले मानव अधिकारकर्मीहरूको सुरक्षाका सवालमा राज्य जिम्मेवार हुनु पर्ने र नेपाल सरकार गृह मन्त्रालयले आदेश गरेको मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षणसम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न जिल्लास्थित सुरक्षा निकायलाई आग्रह गर्नु भयो।

# कोभिड-१९ ले मानव अधिकार रक्षकलाई पारेको प्रभावसम्बन्धी अन्तरक्रिया सम्पन्न

कैलाली। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीको आयोजनामा कोभिड-१९ ले मानव अधिकार रक्षकलाई पारेको प्रभावसम्बन्धी अन्तरक्रिया कार्यक्रम असोज ६ गते डडेल्धुरामा र असोज १४ गते धनगढीमा सम्पन्न भयो। कार्यक्रममा बोल्दै इन्सेक सुदूपश्चिम प्रदेश, संयोजक खडकराज जोशीले कोभिड-१९ महामारीको पहिलो लहरमा अग्रपङ्तिमा खटिएका स्वास्थ्यकर्मी, पत्रकार, सुरक्षाकर्मी तथा मानव अधिकारकर्मीहरूको अवस्थाका बारेमा इन्सेकले गरेको अध्ययन प्रतिवेदनसँग सम्बन्धित विषयमा सुझावका लागि आग्रह गर्नु भयो। कोभिड सङ्क्रमणको शुरुका दिनमा स्वास्थ्य संस्था र अस्पताहरूसँग आवश्यक सुरक्षा सामाग्री पीडिई नै नहुँदा सङ्क्रमित व्यक्तिहरूलाई चेकजाँच तथा उपचार गर्न र कोभिड सङ्क्रमणबाट मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापनमा जोखिम मोलेख स्वास्थ्यकर्मीहरूले काम गर्नु परेको स्वास्थ्य कार्यालय, डडेल्धुराका कोभिड फोकल व्यक्ति हरीप्रसाद भट्टले बताउनु भयो। कोभिड सङ्क्रमण उच्च रहेको समयामा सुरक्षा सामाग्री नहुँदा सूचना सङ्कलन गर्न तथा प्रसार गर्न




सञ्चारकर्मी तथा पत्रकारहरूलाई समस्या उत्पन्न भएको र कोभिड माहामारी नियन्त्रण गर्न सरकारले जारी गरेको निषेध आदेशका कारण सञ्चार गृह बन्द रहँदा हजारौं सञ्चारकर्मीहरू बेरोजगार बन्न पुगेको पत्रकार महासङ्घ, डडेलधुरा शाखाका अध्यक्ष हिक्मत सिंहले बताउनु भयो। धनगढीमा आयोजना गरिएको कर्यक्रममा सेती प्रादेशिक अस्पतालका फिजिसियन डाक्टर शेरबहादुर कमरले कोभिड-१९ महामारी विश्वको लागि चुनौती भएको अवस्थामा कोभिड-१९ सङ्क्रमितहरूसँग प्रत्यक्ष रूपमा दिनरात नभनी काम गरेको भए पनि मनोवल बढाउने काम नभएको गुनासो गर्नु भयो। सेती प्रादेशिक अस्पतालकी नर्सिङ प्रमुख सिमा शर्माले कोभिड-१९ महामारीको पहिलो लहरमा स्वास्थ्कर्मीले स्रोत साधानको अभावमा जोखिम मोलेर काम गर्नु परेको भएपनि परिवार र समाजबाट तिरस्कृत भएर बस्नु परेको बताउनु भयो। सामाजिक विकास मन्त्रालयका प्रवक्ता तथा कोभिड-१९ फोकल पर्सन नरेन्द्रसिंह काकीले सङघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबिच समन्वयको अभाव तथा स्पष्ट नीतिको अभावका कारण प्रदेश सरकारलाई काम गर्न अप्ठेरो परेको बताउनु भयो।

# प्रदेश सभा सदस्यहरूसँग कार्याशाला गोष्ठी सम्पन्न

कैलाली। सुदूरपश्चिम प्रदेशका सभामुख अर्जुनबहादुर थापाले मानव अधिकार रक्षक सम्बन्धी कानुनका लागि हिउँदे अधिवेशनमा छलफल गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीले असोज १७ गते आयोजना गरेको मानव अधिकार रक्षकहरूको अधिकार संरक्षण र सम्बर्द्धनका लागि प्रदेश सभा सदस्यहरूसँग कार्याशाला गोष्ठीमा सभामुख थापाले यस्तो प्रतिबद्धता जनाउनु भएको हो। उहाँले भन्नुभयो- 'यो मानव अधिकार रक्षकसम्बन्धी नमुना विधेयक, २०७८ लाई मुर्त रूप दिन प्रदेश सभाका



विषयगत समिति र मन्त्रिपरिषद्को बैठकमा छलफल गरी आउदो हिउँदे अधिवेशनमा दफावार छलफल गराउँछु।' इन्सेकका कार्याकारी निर्देशक विजयराज गौतमले मानव अधिकार रक्षकहरूको अधिकार सुनिश्चित गर्न प्रदेश स्तरमा कानुन बन्न आवश्यक रहेकाले मानव अधिकार संरक्षण र सम्बर्द्धनका लागि मानव अधिकार रक्षकसम्बन्धी नमुना विधेयक, २०७८ मा प्रदेश सभाका सदस्यहरूसँग छलफल गर्न आवश्यक परेको बताउनु भयो। सुदूरपश्चिम प्रदेश सभाका सदस्य भरतबहादर खड्काले मानव अधिकार सम्वेदनशील विषय भएकाले संविधानमा उल्लिखित मौलिक हकको परिपूर्ति गर्ने दायित्व राज्यको भएकाले कानुन बनाउनु भन्दा कार्यान्वयन गर्न चुनौती रहेको बताउनु भयो। प्रदेश सभाका सदस्य अमरबहादुर थापाले प्रदेश सरकाले गर्नुपर्ने काम इन्सेकले गरेकोमा धन्यवाद ज्ञापन गर्दै मानव अधिकार रक्षकसम्बन्धी नमुना विधेयक, २०७८ लाई पारित गर्न प्रदेश सभाका विषयगत समितिमा सक्दो पहल गर्ने बताउनु भयो। राष्ट्रिय मानव अधिकार आयोगका सुदूरपश्चिम प्रमुख मोहनदेव जोशीले मानव अधिकार रक्षकसम्बन्धी नमुना विधेयक, २०७८ मा राष्ट्रिय मानव अधिकार आयोगको परिभाषा, घोषणापत्र र मानव अधिकार रक्षकसम्बन्धी निर्देशिकाका मूल्यमान्यतालाई समेट्नु पर्ने बताउनु भयो।

पत्रकार चित्राङग थापाले मानव अधिकार रक्षकसम्बन्धी नमुना विधेयक, २०७८ मा व्यवस्था भएको मानव अधिकार रक्षक परिषद्लाई स्वतन्त्र, निश्पक्ष र विश्वासिलो बनाउनुपर्ने बताउनु भयो। डाक्टर हेमराज पन्तले मानव अधिकार रक्षकसम्बन्धी नमुना विधेयक, २०७८ स्वतन्त्र, विश्वासिलो, गैर राजनीतिक र प्रदेशको मौलिकता झल्किने गरी हुनु पर्ने सुझाव दिनु भयो।

# कार्यक्रम अनुगमन सम्पन्न



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीद्वारा सञ्चालित कार्यक्रमहरूको अनुगमन २०७८ असोज ४ देखि ६ गतेसम्म सम्पन्न भयो। अनुगमनको क्रममा डडेल्धुरा जिल्लाको अमरगढी नगरपालिका,डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिका र बैतडी जिल्लाको दशरथचन्द नगरपालिका स्तरीय मानव अधिकार समूह पदाधीकारीहरू तथा पाटन नगरपालिकास्थित सिद्धेश्वर माविका बाल अधिकार चेतना समूहका पदाधीकारी र शिक्षकहरूसँग छलफल तथा भेटघाट गरिएको थियो। मानव अधिकार समूहसँग गरिएको भेटघाट तथा छलफलका क्रममा दिपायल सिलगढी नगरपालिका स्तरीय मानव अधिकार समूह अध्यक्ष सिता वि.क.ले समूहको प्रयासले विद्यालयमा स्वास्थ्य सामग्री वितरण, मुक्त हलियाहरूको तथ्याङ्क संकलन गरिएको बताउनु भयो। इन्सेक सुदुरपश्चिम प्रदेश संयोजक खडक राज जोशीले स्थानीय स्तरको समस्या समूहलाई नै थाह हुने भएकोले समस्याहरू समाधानको लागि मानव अधिकार समुहले स्थानीय स्तरबाट पहल गर्दा प्रभावकारी हुने बताउनु भयो। त्यसका लागि मानव अधिकार समूह सक्रिय भएर लाग्न संयोज जोशीले अनुरोध गर्नु भयो। सिद्धेश्वर मावि बालअधिकार चेतना समुह, शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधीकारीहरूसँग भेटघट र छलफलको क्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम भाटले बालअधिकार चेतना समूहको सक्रियताले गर्दा विद्यालयको परिसरहरू पलाष्टिक निषेधित क्षेत्र भएको, नियमित रुपमा भित्ते पत्रिका प्रकाशन गर्दै आएको, शिक्षक, विद्यार्थी र अभिभावकको सक्रियताले यस वर्ष चार जना विद्यार्थीहरू बुढानिलकण्ठको छात्रावृत्तियोजनामा उत्तीर्ण भएर नि:शुल्क शिक्षा अध्ययन गर्न सफल भएको बताउनु भयो। अनुगमनको क्रममा मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षण सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम र केभिड-१९ ले मानव अधिकार रक्षकलाई पारेको प्रभाव विषयक अध्ययन प्रतिवेदन माथिको छलफल कार्यक्रम समेत सम्पन्न गरिएको थियो।

जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

**तत्काल उद्दार, राहात र क्षतिपूर्तिको व्यवस्था गर !**

*०७८ कातिक ७ गते*

वर्षायामको समाप्तिपश्चात एक्कासी मनसून सक्रिय भई परेको भिषण वर्षाका कारण नेपालका विभिन्न भूभागमा गएको पहिरो, बाढीलगायतका प्रकोपका कारण १ सय १ जनाको मृत्यु भएको, ३७ जना बेप्पत्ता भएको, ७८ ओटा घर, १६ ओटा गोठ, ६ ओटा पुल, एउटा विद्यालय र तीन ओटा सरकारी कार्यालयमा क्षति पुगेको, १ सय ८६ ओटा पशु चौपाय मरेको, १ हजार १ सय ८८ ओटा घर परिवार विस्थापित भएको तथा डुवानमा परी अरबौं मूल्यको धान नष्ट भएको घटनाप्रति इन्सेक दुःख व्यक्त गर्दछ । यो अवधिमा बाढीका कारण २ हजार २ सय ३२ ओटा घर डुबानमा परेका प्रहरीको प्राम्भिक तथ्याङ्क छ ।

विपदको यस दुखद् घडीमा मृतकका परिवार तथा पीडित नागरिकको सहायतामा तत्काल जुट्न नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारहरु र सम्पूर्ण सरोकारवाला निकायहरुसँग आग्रह गर्दछौं । सामाजिक संस्था, विज्ञ तथा सम्बन्धित सरोकारवालाहरुको परिचालन गरि वर्षैपिच्छे दोहोरिने यस्ता घटना र त्यसको जोखिम न्यूनीकरण गर्न पूर्वतयारी तथा प्रतिकार्यको सुनिश्चितताका लागि कार्य गर्न आग्रह गर्दछौं । विपदको समयमा तीनै तहका सरकारको एकीकृत परिचालन गरी उद्दार, राहात र क्षतिपूर्तिको व्यवस्था सुनिश्चित गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछौं ।

बालीनाली र पशु चौपायको नोक्सानी व्यहोरेका किसानलाई तत्कालिन र दीर्घकालिन राहतका लागि हामी जोडदार माग गर्दछौं । बालीनाली र पशु चौपायको अनिवार्य बिमाको व्यवस्था मिलाउन तीनै तहका सरकारको ध्यानाकर्षण गराउछौं । समयसमयमा हुनसक्ने जुनसुकै प्रकारका विपद्को व्यस्थापनका लागि तल्लो तहसम्म संयन्त्र निर्माण गर्न र आवश्यक परेका बेला त्यस्ता संयन्त्रलाई तदारूकताका साथ परिचालनको नीति अबलम्बन गर्न सरकारको गम्भीर ध्यानाकर्षण गराउछौं ।

**डा इन्दिरा श्रेष्ठ**
अध्यक्ष

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्यूचाटार, काठमाडौं
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल, फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
Email: insec@insec.org.np Web-site: www.insec.org.np, www.inseconline.org